# खजुरा गाउँपालिका

Khajura Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

खजुरा,बाँके
Khajura,Banke

लुम्बिनी प्रदेश,नेपाल
Lumbini Province,Nepal


प.सं. (Ref.No):- २०८१/०८२

## विज्ञापन कर संकलन सम्बन्धि ठेक्काको आव्हानको सूचना

(सूचना प्रकाशित मिति :- २०८१।१२।१२ )

खजुरा गाँउपालिकाको मिति २०८१।०३।०४ गतेको कार्यपालिकाको निर्णय र मिति २०८१।०३।१० मा बसेको गाउँसभाको निर्णय अनुसार आर्थिक बर्ष २०८१।०८२ र आर्थिक बर्ष २०८२।०८३ (२) दुई वर्षका लागी विज्ञापन कर संकलन कार्य ठेक्काद्धारा गर्नुपर्ने भएकोले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरीएको छ । थप जानकारीका लागी कार्यालयको वेभ साईट www.khajuramun.gov.np तथा राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ ।

तपसिल :-

| क्र.स | ठेक्का नं. | ठेक्काको नाम | आ.व.२०८१।०८२ को न्युनतम अंक रकम रु (कर सहित) | आ.व.२०८२।०८३ को न्युनतम अंक रकम रु (कर सहित) | फाराम दस्तुर | ठेक्कका अवधि |
|---|---|---|---|---|---|---|
| १ | Advertisement tax/01/2081/082 | विज्ञापन कर संकलन खजुरा गाँउपालिका | ५०००००। (पाँच लाख मात्र) | आ. व. २०८१।०८२ को रकममा १० प्रतिशत थप | रु १०००। | २०८३ असार मसान्तसम्म |

ठेक्का सम्बन्धि शर्तहरु :-

१. शिलबन्दी दरखास्त आव्हानको सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०८१।१२।२६ गते कार्यालय समयभित्र खजुरा गाँउपालिकाको एन आई सी एसीया बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. १११२०५१४९८६२१००३ मा दाखीला गरेको बैंक भौचर वा Online Payment स्लिप लिई दरखास्त फारम खरीद गरी १६ औ दिनको दिउसो १२:०० बजे भित्र खजुरा गाँउपालिकाको कार्यालय राजस्व शाखामा दरता गरी सक्नुपर्नेछ । उक्त शिलबन्दीहरु सोही दिन दिनको ०२:०० बजे कार्यालयका प्रतिनिधि र शिलबन्दी दरखास्त दाताहरुको रोहवरमा खजुरा गाँउपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्तदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरखास्त खोल्न बाधा पर्ने छैन् ।

२. फर्म, संस्था, कम्पनिले दर्ता प्रमाणपत्र, नविकरण, स्थायि लेखा नं. (प्यान न.) मु.अ. कर, कर चुक्ता भएको प्रमाणपत्र र नेपाली नागरीकले नागरीकताको प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

१२/१२

खजुरा गाउँपालिका
Khajura Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खजुरा,बाँके
Khajura,Banke
लुम्बिनी प्रदेश,नेपाल
Lumbini Province,Nepal

३. शिलबन्दी दरखास्त खाम बाहिर ठेक्का नं. विवरण सम्बोधन गरी दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नुपर्ने छ ।

४. दरखास्त दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखीएकोलाई मान्यता दिईनेछ।

५. दरखास्तदाताले गाँउपालिकाले निर्धारण गरेको न्युनतम रकमको मु. अ. कर सहित ५ प्रतिशत धरौटी रकम यस गाँउपालिकाको कार्यालयको नाममा एन.आईसि.एसिया बैंक खजुरा शाखामा रहेको धरौटी खाता नं. B१४१४९८६२१५२४००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी पेश गर्नुपर्नेछ ।

६. ठेक्का स्विकृत भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम एकमुष्ट यस पालिकाको कार्यालयको नाममा एन.आईसि.एसिया बैंक खजुरा शाखामा रहेको विभाज्य कोष खाता नं. B१CA१४९८६२१५२४०२ मा दाखीला गरी पट्टा उठाउनु पर्नेछ ।

७. प्रचलित नियमानुसार कालो सुचिमा नपरेका र गाँउपालिकालाई बुझाउनु पर्ने बाँकी वक्यौता नभएको स्वघोषण गर्नुपर्ने छ । कालोसुचिमा परेका र खजुरा गाँउपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म तथा कम्पनिहरुको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाहि हुने छैन ।

८. म्याद नाघि आएको, रीत नपुगेको शर्त राखीएको शिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही गरीने छैन । पेश भएको सिलबन्दी दरखास्त पत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।यसमा उल्लेख नभएको बिषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. ठेकेदारले नेपाल सरकार तथा खजुरा गाँउपालिकाको कार्यालय बाँकेले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । साथै कार्यालय वा ठेकेदार बिच कुनै बिबाद उत्पन्न भएमा यस पालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१०. पट्टापुर्जामा तोकिएका बस्तुहरुमा मात्र तोकए बमोजिमको दरमा कर ,शुल्क संकलन गर्नुपर्नेछ ।सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ ।करको दर पालिकाको आर्थिक ऐन २०८१ मा तोकए बमोजिम हुनेछ ।

११. ठेकेदारले ठेक्का समझौता पछि यस गाँउपालिकालाई बुझाउनुपर्ने रकममा कुनै किसिमको मिनाहको लागी दावी गर्न पाईने छैन । तर बिशेष परिस्थिति विपद, महामारी जस्तामा गाँउपालिकाको नियमानुसार हुनेछ ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागी अभिन्न अंगको रुपमा मानिनेछन् ।

१३. सूचनामा उल्लेख भएको बिषय यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१२/१२

बम बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत


वेबसाइट/Website: www.khajuramun.gov.np,इमेल/E-mail :- info@khajuramun.gov.np, khajura666@gmail.com
फोन नं/Phone No.:-081-560187